नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं.:-

## विज्ञप्ति

मिति २०७९/७/२३ गते सुदुरपश्चिम प्रदेश, डोटी जिल्ला स्थित खप्तड राष्ट्रिय निकुञ्ज क्षेत्रमा केन्द्रविन्दु बनाई गएको भूकम्प र त्यस पछिका पराकम्पनबाट भएको क्षती सम्बन्धमा यस मन्त्रालयको गम्भिर ध्यान आकर्षण भएको छ । भूकम्पबाट प्रभावितहरुको खोज, उद्धार र राहत सम्बन्धमा राष्ट्रिय रुपमा कृयाशील विकास साझेदारहरु (IFRC, UNEPA, UNICEF, WFP, IOM, UNDP,WVI Nepal, CARE Nepal, NSET, CRS, Mercy Corps, DPNet, Action Aid, DCA, Practical Action, BRC, नेपाल रेडक्रस सोसाइटी,) संग सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री अर्जुन प्रसाद पोखरेलज्यूको संयोजकत्वमा CBDRM Platform (Community Base Disaster Risk Management Platform) को बैठक मिति २०७९/०७/२४ गते सम्पन्न भएको छ ।

सो भूकम्पबाट भएको मानवीय क्षति तथा निजी सम्पत्ति र पूर्वाधारको क्षति प्रति दुःख व्यक्त गर्दै ज्यान गुमाउनु हुने व्यक्तिहरुप्रति हार्दिक श्रद्धाञ्जली, शोकाकुल परिवार र आफन्तजनहरुमा समवेदनाका साथै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरिन्छ ।

खोज, उद्धार र राहत सम्बन्धमा स्थानीय तहमा कृयाशील सरकारी निकाय, विकास साझेदार, गै.स.स., नेपाल रेडक्रस सोसाइटी, निजी क्षेत्र समेतले जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिसंगको समन्वयमा एकद्वार प्रणालीबाट खोज, उद्धार र राहत तथा पुर्नलाभका कार्यक्रमहरु संचालन गर्ने साथै भूकम्पबाट भएको क्षति सम्बन्धमा जिल्ला प्रशासन कार्यालय र सम्बन्धित स्थानीय तहबाट पूर्ण विवरण माग गरी सरकारी निकाय, विकास साझेदार, गै.स.स., नेपाल रेडक्रस सोसाइटी, निजी क्षेत्र समेतको सहभागितामा विपद्ले प्रभावित सम्पुर्ण परिवारलाई शीघ्र पुर्नलाभका कार्यक्रममा यथाशीघ्र समेटिने व्यहोरा समेत अनुरोध छ।

मितिः २०७९/०७/२४

रुद्रसिंह तामाङ

सहसचिव/प्रवक्ता